म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८७ मंगलबार १५ जेठ २०८१ ने. सं. ११४४ बछलागा 28 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वातावरण दिवसको अवसरमा सरसफाई

हेटौंडा, १४ जेठ/बिश्व वातावरण दिवसको अवसरमा हेटौंडा-११ का बिभिन्न टोलमा सरसफाई गरिएको छ । ५२ औं वातावरण दिवसमा वडाका २३ वटै टोल विकास संस्थाले टोल सर सफाइ गरेका हुन् । टोल विकास संस्था वडासमन्वय समितिको आह्वानमा जेठ १० गते टोल विकास संस्थालाई सफाईका सामग्री बितरण गरेर सुरु गरेको कार्यक्रममा ११ गते रक्तदान, १२ गते बालसमूह, विद्यालयको सहभागितामा हाजिरीजवाफ, १३/१४ गते सर सफाई गरिएको हो । यसैगरी १५ गते वडाभरका टोल विकास संस्थाको सहभागितामा सचेतनामूलक प्रदर्शनी तथा पुरस्कार बितरण गरिने भएको छ । ११ नम्बर वडा कार्यालयको आर्थिक ब्यवस्थापनमा भइरहेको कार्यक्रमको अनुगमन वडाअध्यक्ष जुना दाहाल, सदस्यहरु विकास नेपाल, सन्जय बिडारी, गोपिनी सापकोटा, गीता सुनार, टोल विकास संस्था नगरसमन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठ, वडासमन्वय समितिका अध्यक्ष यज्ञबहादुर आचार्य, कार्यसमितिका पदाधिकारीले गरेको थियो ।

बागमती सरकारको नीति, कार्यक्रम

# हेटौंडालाई व्यवस्थित सहरमा रुपान्तरणको महत्वाकांक्षी योजना

भानुभक्त आचार्य

हेटौंडा, १४ जेठ/ बागमती प्रदेश सरकारले प्रदेश मुकाम हेटौंडालाई व्यवस्थित सहरी विकास योजना तयार गरी बृहत सहरमा रुपान्तरण गर्ने भएको छ ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सोमबार प्रस्तुत प्रदेश सरकारको नीति तथा कार्यक्रममा हेटौंडालाई व्यवस्थित र बृहत अवधारणाबाट सहरी विकासको योजना अबलम्बन गर्ने महत्वाकांक्षा प्रदेश सरकारले राखेको हो । तर, यसअघिका सरकारले पनि हेटौंडालाई व्यवस्थित सहर बनाउने घोषणा भने गरेका थिए । योजना कार्यान्वयनमा शंका देखिए पनि नीति, कार्यक्रमको घोषणाले हेटौंडा बजारक्षेत्रको मुख्य सडक विस्तार हुने सम्भावना देखिएको छ । यद्यपि, यो कार्यमा विगतका चुनौती भने यथावत छन् ।

यसैगरी, बृहत सहरीकरणको अवधारणाले हेटौंडालाई निकट भविष्यमा महानगरमा रुपान्तरण गर्ने बाटो खुल्ने देखिन्छ । प्रदेश राजधानी भएपछि स्थानीयस्तरमा नागरिक समाजदेखि राजनीतिक दलसम्मले हेटौंडालाई महानगरपालिका बनाउनुपर्ने आवाज उठाइरहेका छन् । हेटौंडा नगरलाई तत्कालीन सरकारले २०७३ सालमा उपमहानगर घोषणा गरेको थियो ।

प्रदेशभित्रका स्थानीय सामग्री तथा वास्तुकलाको प्रवर्द्धन गर्दै मौलिकतासहितको भवन संरचना बनाउन जोड दिने नीति, कार्यक्रममा उल्लेख गरिएको छ । उदयमान सहर, पालिका केन्द्र, नगर उन्मुख बस्तीलाई मौलिक पहिचान सहित व्यवस्थित सहरीकरण गर्न प्रोत्साहन गर्ने प्रदेश सरकारको योजना छ । यसले हेटौंडा बजारको



मुख्य सडकको दायाँबायाँ रहेका घर टहरा भत्किएपछि बन्ने संरचना मौलिक प्रविधिसहितको वास्तुकला झल्किने गरी निर्माण गर्नुपर्ने छ । तर, प्रदेश सरकारको कार्यसम्पादनको अवस्था हेर्दा यो योजना घोषणामै सीमित हुने सम्भावना पनि छ ।

यसैगरी, हेटौंडा-६, गौरीटारमा निर्माणाधीन अन्तराष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्यलाई सम्पन्न गरिने प्रदेश सरकारले उल्लेख गरेको छ । हेटौंडा-११, थानाभञ्याङमा निर्माणाधीन प्रादेशिक कृषि थोकबजार सञ्चालनको व्यवस्था मिलाइने, हेटौंडा-१० मा निर्मित धुलो दूध कारखानालाई प्रदेश सरकार, निजीक्षेत्र तथा दुग्ध उत्पादक सहकारी सँगको साझेदारीमा सञ्चालन गरिने नीति, कार्यक्रममा उल्लेख छ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ देखि ९०/९१ सम्मको अवधिलाई लगानी दशकको घोषणा गरेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशप्रमुख यादवचन्द्र शर्माले १० वर्षभित्र प्रदेशमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरिने उल्लेख गरेका छन् । शर्माले उद्यमी व्यवसायीको मनोबल बढाउन व्यवसायमैत्री वातावरण निर्माण गरिने उल्लेख गरे ।

छरिएको पुँजीलाई एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न, बन्द रहेका उद्योग सञ्चालन र व्यवसथापन गर्न तथा प्रदेशभित्र स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरी लगानीको वातावरण तयार गर्न प्रदेश लगानी बोर्ड गठनका लागि कानुनी व्यवस्था मिलाउने प्रदेशप्रमुख शर्माले बताएका छन् । प्रदेश सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सबै बालबालिकाको पहुँचमा पुर्‍याउन स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षालाई निरन्तरता दिने भएको छ ।

स्थानीय तहसँगको साझेदारीमा ग्रामीणक्षेत्रका सामुदायिक विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन तथा व्यवस्थापनको नीति लिइने, शिक्षक दरबन्दी कम भएका विद्यालयमा अनलाइनमाध्यमबाट कक्षा सञ्चालन गर्ने, संघ र स्थानीय तहको सहकार्यमा माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम तयार गरी अध्यापनको व्यवस्थापन मिलाइने नीति, कार्यक्रममा समावेश छ । शिक्षक दर्बन्दी न्यून भएका विद्यालय ग्रामीण क्षेत्रमा रहेका छन् र ग्रामीण क्षेत्रमा अनलाइन पठनपाठन प्रभावकारी बन्ने सम्भावना छैन ।

सीमान्तकृत तथा विपन्न वनकरिया, चेपाङ, पहरी, धामी, जिरेल, माझी, हायु, सुरेल, बोटेलगायत समुदायमा शिक्षाको उचित प्रबन्ध गरी राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याइने नीति तथा कार्यक्रममा लेखिएको छ । समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने जनाइएको छ । तरकारी, फलफूल तथा कृषिउपजको बिक्री लागत घटाउन मध्यस्थकर्ताको तहलाई घटाइ सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा वैकल्पिक आपूर्ति श्रृंखला विकास गरी प्रदेशको प्रत्येक जिल्लामा कृषिउपज बजार निर्माण तथा सञ्चालन गरिने उल्लेख छ ।

यसैगरी, महिलामैत्री सार्वजनिक यातायात सञ्चालन, सूचनाप्रविधि कार्यस्थलको विकास, गृहणी महिला सशक्तिकरण कार्यक्रम, नमुना वडा समाजवादी कार्यक्रम, चेपाङ, च्युरी, चमेरो संरक्षण कार्यक्रम, काठ सिजनिङ प्लान्टको स्थापना, ठुला फाँट सिंचाई योजना, गरिबसँग प्रदेश सरकार, कक्षा १२ सम्म प्राविधिक धारको शिक्षा, कक्षा ९-१२ सम्म आवासीय विद्यालय, प्रदेश परिचय पाठ्यक्रम र पाठ्यपुस्तकको अध्यापन गराइने नीति, कार्यक्रममा उल्लेख गरिएको छ ।

विपन्न नागरिकलाई निःशुल्क उपचार, 'एक विद्यालय एक नर्स कार्यक्रम'को विस्तार, मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमको विस्तार, पाठेघर र स्तन क्यानसरको निःशुल्क परीक्षण, प्रदेश बैंकको स्थापना, स्मार्ट र व्यवसायिक कृषिखेती प्रवर्द्धन, सवारीचालक अनुमतिपत्र प्रदेशबाटै छपाई गर्ने, सामुदायिक कलेजलाई सहायता, प्रदेश विश्वविद्यालयको स्थापना, एक प्रदेश निर्वाचन क्षेत्र एक पर्यटकीय गन्तव्यको विकास, प्रादेशिक सडक गुरुयोजना निर्माण, उपत्यकाको नदीमा करिडोर निर्माण र सहरको सौन्दर्यकरण, खरको छाना विस्थापन अभियानलाई निरन्तरता दिने प्रदेश सरकारले नीति लिएको छ ।

# थाहा गोल्डकपको फाइनलमा ऋषेश्वर र चित्लाङ

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/थाहा नगरपालिकामा जारी पाचौं थाहा गोल्डकप उपाधिको लागि ऋषेश्वर ११ र चित्लाङ खेलकुद विकास समिति भिड्ने भएका छन् ।



सोमबार भएको पहिलो सेमिफाइनल खेलमा ऋृषेश्वर ११ ले सक्रिय युवा क्लबलाई ८-२ को गोलअन्तरले पराजित गर्दै ऋषेश्वर फाइनल प्रवेश गरेको हो । खेलको १५औं मिनेटमा ऋृषेश्वर ११ ले पाएको पेनाल्टीलाई रिचर्ड विल्सनले सीधै आउट हानेका थिए । प्रतियोगितामा ऋषेश्वरका लागि संजोग महर्जनले १७ औं मिनेटमा पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए ।

उनले खेलको ५७ औं र ६० औं मिनेटमा गोल गर्दै ह्याट्रिक गर्न सफल भए । यसैगरी ऋृषेश्वरका रिचर्ड विल्सनले प्रतियोगितामा व्यक्तिगत ४ गोल गर्न सफल भए । प्रतियोगितामा ४ गोल गर्न सफल भएका रिचर्ड म्यान अफ दी म्याच घोषित भए ।

ऋषेश्वरका समिरराज थोकरले ३४ औं मिनेटमा तेश्रो गोल गरेका थिए । सक्रिय युवा क्लबका लागि सुनिल शाह ठकुरीले एक गोल गरेका थिए । त्यसैगरी सोमबार भएको दोस्रो सेमिफाइनल खेलमा कुर्दन एकेडेमीलाई सडेनडेथमा पराजित गर्दै चित्लाङ खेलकुद विकास समिति फाइनल प्रवेश गरेको छ । दुवै टिमले निर्धारीत समयमा २-२ गोलको बराबरी भएपछि खेल ट्राइबेकरमा धकेलिएको थियो ।

दोश्रो सेमीफाइनल खेल २/२ गोलको बराबरीमा सकिएपछि सडेन डेथमा पुगेको थियो । जसमा चित्लाङ खेलकुद विकास समिति बिजयी बनेर फाइनलमा पुग्न सफल बनेको छ । यस खेलमा कुर्दन एकेडेमीका लागि अनिल खड्काले २४ औं मिनेटमा र रोहितले ८२ औं मिनेटमा एक गोल गरेका थिए । चित्लाङका लागि अफ्रिकी खेलाडी फैसल जफा एक्लैले ४० र ५१ मिनेटमा दुई गोल गरेका थिए ।

जेठ १५ गते चित्लाङ खेलकुद विकास समिति र ऋृषेश्वर ११ बीच दिउँसो १ बजे फाइनल खेल हुने आयोजकले जनाएको छ । प्रतियोगिताको बिजेताले पुरस्कार नगद २ लाख र उपबिजेताले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# बागमतीमा बेरुजु ९६ करोड ४९ लाख




साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बेरुजु रकम बागमती प्रदेशमा १ दशमलव १५ प्रतिशत देखिएको छ । जुन ९६ करोड ४९ लाख रुपैयाँ हुन आउँछ ।

सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशमा देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६१औं वार्षिक प्रतिवेदन अनुसार मधेश प्रदेशको बेरुजु ३.८७ प्रतिशत छ । मधेश प्रदेशको १ अर्ब ८५ करोड ४२ लाख बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ । मधेश प्रदेशपछि कर्णालीमा धेरै बेरुजु २.५९ प्रतिशत छ । जुन ९६ करोड ७८ लाख छ । यस्तै कोशीमा पनि २.५० प्रतिशत बेरुजु रहेको छ ।

कोशी प्रदेशमा १ अर्ब ३१ करोड ७६ लाख बेरुजु छ । बेरुजु अनुपातमा गण्डकी र लुम्बिनी प्रदेशमा १.९५ प्रतिशत देखिएको महालेखाको प्रतिवदेनमा छ । लुम्बिनी प्रदेशमा १ अर्ब १२ करोड ६३ लाख बेरुजु देखिएको छ भने गण्डकीमा ८० करोड १७ लाख रुपैयाँ बेरुजु हुन आएको छ ।

त्यस्तै महालेखाका अनुसार सबैभन्दा कम बेरुजु सुदूर पश्चिम प्रदेशमा छ । सुदूर पश्चिममा ०.९५ प्रतिशत अर्थात् ३७ करोड ६४ लाख बेरुजु देखिएको हो । सबै प्रदेशमा गरी ३ खर्ब ६० अर्ब ८२ करोड ८२ लाख लेखापरीक्षण गरिएकोमा ७ अर्ब ४० करोड ८९ लाख बेरुजु देखिएको महालेखाले औंल्याएको छ । जुन २.०५ प्रतिशत हुन आउँछ ।

स्थानीय तहको बेरुजु आर्थिक वर्ष (आव) २०७९/८० मा ३० अर्ब ८३ करोड देखिएको छ । प्रतिवेदन अनुसार ७ सय ४६ स्थानीय तहको ११ खर्ब ३७ अर्ब ४ करोड १९ लाखको लेखापरीक्षण भएको थियो । लेखापरीक्षणबाट ३५ अर्ब ६६ करोड ६३ लाख रुपैयाँ बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ अर्ब ८३ करोड ९ लाख रुपैयाँ फर्छ्यौंट गरिएको थियो । अब स्थानीय तहको ३० अर्ब ८३ करोड ५३ लाख रुपैयाँ फछ्र्योट गर्न बाँकी छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream into AIM

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४

- Computer in Graphic Design
- Computer in web Devlopment
- Computer in Accounting Package

50% OFF for +2 Student
- Diploma in Computer
- Japanese Language
- IELTS/PTE Class

- शान्त तथा स्वच्छ वातावरण
- दक्ष तथा अनुभवी शिक्षक
- हरेक हप्ता Model Test
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्धारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा


# बढ्दो बेरुजु, आर्थिक अपारदर्शिता

मुलुकको पूँजीगत खर्च र चालुखर्चबीचको दुरी यति बढ्यो कि बयान गरिसाध्यै छैन । चालुखर्च थेग्नै नसक्ने अवस्थामा पुगिसकेको छ । त्यो पनि बेरुजु भएको छ । सामान्य नागरिकको बुझाईमा बेरुजु भनेको खर्च गर्न नजानेको वा अनियमितता भएको भन्ने नै हो । कूल बजेटको १७ प्रतिशत पूँजीगत खर्च छुट्याउँदा पनि त्यो रकम आधामात्र खर्च भएको छ । यसरी चालुखर्चको ग्राफ बढ्दै जाँदा एकदिन सरकारले चालुखर्चका लागि पनि ऋण लिनुपर्ने अवस्था आउने छ । त्यो दिन धेरै टाढा छैन । हाम्रो देशमा बाख्रा चराउनेको भन्दा कुकुर डोहोऱ्याउनेको प्रतिष्ठा बढी भएको ठान्ने संस्कारको विकास भयो । यतिबेला किसान, मजदुर, भरियाको श्रमको ईज्जत गरिदैन बरु राज्यको ढुकुटी लुट्नसक्ने, राजश्व ठग्नसक्ने, भ्रष्टाचार गर्नसक्ने, दुईनम्बरी कारोबार गर्नसक्ने, अनियमितता गरेर कमाउन सक्नेलाई सलाम गरिन्छ र सम्मान गरिन्छ । सुकिलामुकिला तिनै हुन्छन् जसले देश लुट्न सक्छन् । मजदुर, किसान, भरिया त पसिना बगाउँदैमा फुर्सद पाउन सकेनन् ।

नेपाली जनताका प्रतिनिधिमार्फत् २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट घोषणा गरिएको गणतन्त्र जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफल थियो । त्यही प्रतिफलको जगमा राजसंस्था उखेलेर फालियो । राजतन्त्रले देश खोक्रो पारेको भन्दै राजतन्त्रात्मक ईतिहास समाप्त पारियो । तर, त्यसपछिका दिनमा एउटा राजा फालेर हजारौं नवराजाहरु जन्माइयो । अहिले वडातहसम्म राजाको संस्कार बोकेर जनतमा शासन गरिरहेका छन् । जसले गणत्रन्त्रको मर्म बुझ्नै सकेन । तिनै नवराजाहरुले राज गर्न थालेपछि सुरु भयो आमनागरिकमा बितृष्णाको ज्वारभाटा । यही बितृष्णालाई पुष्टि गरिरहेको छ बजेट खर्चको बेरुजुले । लायाप्चे लगाउने वडाअध्यक्षलाई खर्च गर्ने अधिकारमात्र दिइएको छैन, शाखा अधिकृतको अधिकार दिइएको छ । भाषणमा नेपाललाई स्वीटजरल्याण्ड बनाउने भनियो तर, नेपालीको मौलिक कला, संस्कृति, संस्कार खोज्न पश्चिमी मुलुक जानुपर्ने भयो । माध्यमिक कक्षा (१२ कक्षा) परीक्षा दिएपछि औषतभन्दा राम्रा विद्यार्थी युरोप, अमेरिका, अष्ट्रेलिया, क्यानडाको भिसा लगाउने लाइन लाग्छन् र औषतभन्दा कजमोर विद्यार्थी खाडी मुलुकमा पसिना बगाउन हानिएका छन् । दलीय राजननीति निष्ठावान हुन सकेन । पैसा हुनेको हातमा टिकट पुग्ने तर, जीवनभरि ईमान्दारीतापूर्वक राजनीति गर्ने असल कार्यकर्ता निराश भएर साइड लाग्ने अवस्था छ ।

राजनीतिकर्मीको नाममा ठेकेदार र दलाल पूँजीपति सत्तामा पुग्ने र राज्यकोषको चरम दोहन गर्ने प्रबृत्ति बढ्दो छ । राणाकालीन समयमा जनता बाठा हुन्छन् भनेर विद्यालय खोल्न दिईदैनथ्यो । अहिले त्यसैको सिको गर्दै राजनीति नेतृत्वमा सवल र सक्षम ब्यक्तिलाई पुग्न दिईदैन र पुरानै अनुहारले सत्ता ओगट्ने काम भएको छ । सक्षम ब्यक्ति सत्तामा पुग्दा राजनीतक दलका उच्चपदस्थलाई ज्वरो आएको उदाहरण बालेन साह छन् । सक्षम ब्यक्तिलाई बिभिन्न नाममा पाखा लगाइदिंदा असक्षम नेतृत्वलाई पनि चुपचाप स्वीकार्नु पर्ने बाध्यता आम मतदातामा छ । असक्षम ब्यक्ति सत्तामा जानका लागि आफ्नो गहकिला एजेण्डा होइन बरु नोटको बिटो प्रयोग गरिरहेका छन् । साम, दाम, दण्ड, भेद सबै प्रयोग गरी सत्तामा पुगेपछि जनताका लागि काम गर्न उसले बिर्सन्छ र आफैं कमाउधन्दामा लाग्छ । बेरुजुको ग्राफ बढ्ने कारण यो पनि हुनसक्छ । आफूले आफैंलाई सबैभन्दा ठूलो हुँ भन्न स्वघोषितहरुका लागि र आम सर्वसाधारणका लागि एउटै कानून पनि फरकफरक रुपमा व्याख्या भएको छ ।

# संसद र संसदवाद, सम्झौता र सम्झौतावादबिचको अन्तर



✍शम्भुबहादुर अधिकारी

राजनीतिमा एक पार्टीले अर्को पार्टी वा समूहसँग सम्झौता त्यस अवस्थामा गर्छ, अर्को पार्टीका केही माग यस कारणले स्वीकार गरिन्छ कि आफ्नो स्थिति सिधै सैर्ष गर्न नसक्ने हुन्छ, अर्थात् आफ्नो स्थिति रक्षात्मक हुन्छ । त्यही कारण एक पार्टीले अन्य पार्टीका माग क्षणिक र अस्थायी रूपमा स्वीकार गर्छन्, त्यसैलाई लिखित वा मौखिक सम्झौता भनिन्छ । दुवै पक्षलाई केही न केही फाइदा हुने भए मात्र त्यस्तो सम्झौता सम्भव हुन्छ ।

१७ औं र १८औं शताब्दीमा मुख्य गरेर पश्चिम युरोपमा मजदुर आन्दोलन र वामपन्थी आन्दोलन चरम रूपमा थियो । त्यसैले मार्क्सले समाजवादी आन्दोलन औद्योगिक देश बेलायतमा हुन्छ भनेका थिए, तर त्यो कमजोर साम्राज्यवाद मुलुक रुसमा पो समाजवादी क्रान्ति सम्पन्न भयो । यद्यपि ब्लाङ्किवादीहरू र अराजकतावादीले पुँजीपतिसँग कुनै पनि प्रकारको सम्झौताको र आवश्यकता पर्दा संसदमा भाग लिएर जनताका माग त्यही संसदबाट उजागर गर्न सकिने कुराको सधैँ विरोध गरिरहे । सम्झौता र संसद उपयोगबारे उनीहरू स्पष्ट थिएनन् । वामपन्थीले के स्वीकार गर्नुपर्छ भने प्रतिक्रियावादी शक्तिले पनि वामपन्थी शक्तिलाई स्वीकार गरेरै उनीहरू वामपन्थीसँग आवश्यक सम्झौताका लागि तत्पर भएका हुन् । ठिक प्रकारको सम्झौता र आवश्यक पर्दा संसदमा भाग लिनुपर्ने कुरालाई लेनिनले कार्यनीतिक रूपमा सही बताएका थिए ।

कहिलेकाहीँ कम्युनिस्टमाथि सम्झौता लादिन्छन् भने त्यसलाई स्वीकार गर्नैपर्छ । एउटा क्रान्तिकारी पार्टीका लागि सम्झौता अस्वीकार गर्न सकिन्न, तर त्यस्तो सम्झौता जनता र क्रान्तिका हितमा हुनुपर्छ । सम्झौताहरू अस्थायी, क्षणिक, सापेक्ष हुनुपर्छह पछि हट्ने काम वर्गीय हित र क्रान्तिकारी उद्देश्यका लागि परि लक्षित हुनुपर्छह जसबाट क्रान्तिलाई विजयसम्म पुऱ्याउन सकियोस् । त्यसको अर्थ वामपन्थीले हर अवस्थामा र आफ्नो शक्ति प्रबल भएको अवस्थामा पनि सम्झौताको कुरा उठाउँछन् भने त्यो सम्झौतावाद हुन जान्छ । त्यसकारण वामपन्थी क्रान्तिकारीले सम्झौता र सम्झौतावादका बिच अन्तर गरेर हेर्नुपर्छ ।

यस सन्दर्भमा लेनिनले तेस्रो र चौथो डुमा (संसद)मा भाग लिएका थिए, जसलाई उनले अस्थायी सम्झौता भनेका थिए । जारशाही दमन र उत्पीडनलाई त्यो वैधानिक संस्थाबाट जनताको पक्ष, दमन र उत्पीडनलाई भण्डाफोर गर्न सजिलो हुन्थ्यो । उनले डुमालाई क्रान्तिका पक्षमा उपयोग गरे, जुन अस्थायी र क्षणिक थियो । त्यसले पछिल्ला दिनमा आम विद्रोहमा जनतालाई उतार्न सजिलो भयो ।

क्रान्तिकारीले विवशतापूर्ण सम्झौता होइन कि क्रान्तिको तयारीका लागि जनविद्रोहका लागि पनि आवश्यक सम्झौता गर्नुपर्छ । शान्तिपूर्ण आन्दोलनलाई पनि क्रान्तिकारीले इन्कार गर्नु हुन्न, तर शान्तिपूर्ण ढङ्गले समाजवाद प्राप्त गर्न सायदै सम्भव होला ।

रुसमा बोल्सेभिकहरूले शान्तिपूर्ण आन्दोलनको उपयोग गरेर र मेन्सेभिक अनि ऐसेरहरूले पनि त्यसका लागि सम्झौता गरेको भए शान्तिपूर्ण क्रान्तिको विकास त हुन्थ्यो होला, तर लेनिनले त्यो समय बितिसकेको बताए । कम्युनिस्टले बलियो परिस्थिति नबन्दासम्म हतारि एर सम्झौता कायम राख्नुपर्छ । लेनिनका अनुसार उचित सम्झौताको प्रश्नभन्दा हडताल तोडक गद्धार नेताको विश्वासघाती सम्झौताको प्रश्न निकै जटिल ठहरिन जान्छ ।

सिधासाधा र अनुभवहीन मान्छे मात्रै सम्झौतालाई अनुचित ठान्छन् । प्रथम विश्वयुद्धमा देखिएको अवसरवादी धाराले पुँजीपतिलाई मजदुर आन्दोलनका विरुद्ध पितृभूमिको रक्षार्थ प्रयोग गरेका थिए । जर्मन सामाजिक जनवादी पार्टीले मुख्यत: बर्नस्टिन र काउत्स्कीले साम्राज्यवादी युद्धको समर्थन गरेका थिए । पुँजीवादी संसदमा भाग लिएर त्यसबाट जनताको सेवा गर्न सकिने कुरा फ्रान्सका मिलेराँले भने र पुँजीवादी सरकारमा भाग लिए । त्यसलाई नेपालका क्रान्तिकारीले 'मिलेरांवाद' भनेर सिकाएका थिए ।

इतिहासको दाउपेचमा बुर्जुवा पार्टी समेत सम्झौतामा आउँछन् । प्रथम विश्वयुद्धमा जर्मन फासीवादी सेना रुसको भित्री भागसम्म घुसको थियो । लेनिनले आफ्नो भूमि मात्र होइन, अन्य विशाल क्षेत्र छाडेर जर्मनसँग सम्झौता गरे । वामपन्थी अतिवादीले त्यो सम्झौताको विरोध गरे, तर जर्मनको हारपछि लेनिनले रुसका भूमि सबै फिर्ता लिए ।

रुसी क्रान्ति सफल हुनुभन्दा अगाडि लेनिनले जार र वामपन्थी शक्ति विरोधी दल र गुटसँग धेरैपटक सम्झौता गरे । बुर्जुवा उदार वादका विरुद्ध वैचारिक र राजनीतिक सैर्ष पनि कायम थियो । बोल्सेभिकले सम्झौतालाई क्रान्तिका पक्षमा उपयोग गरेका थिए । राजनीतिलाई सम्झौतामा टुङ्ग्याउनु सम्झौतावाद हुन जान्थ्यो । मजदुर र किसानका हक-अधिकारका लागि, राष्ट्रिय हितका लागि, देशको सार्वभौमिकता र राष्ट्रिय अखण्डताको पक्षमा मात्र सम्झौता सही हुन जान्छ । यो विश्लेषणमा सम्झौता र सम्झौतावादका बिचको अन्तरलाई व्याख्या गरेझैँ संसद र संसदवादका बिचको अन्तरलाई बुझ्ने प्रयत्न गरौँ ।

पश्चिम युरोप र मूलत: जर्मन सामाजिक जनवादीले संसदलाई ऐतिहासिक र राजनीतिक दृष्टिकोणले बेकम्मा ठहराएका थिए । संसदमा भाग लिने कुराको उनीहरू प्रखर विरोधी थिए । जर्मन सामाजिक जनवादीको कथन अनुसार जर्मनीमा सोभियत सत्ता कायम भएको अवस्था जस्तो उनीहरूको व्याख्या थियो । उनीहरूले संसदवादको विरोध गर्दा जर्मनीमा अझै वामपन्थी आन्दोलन चलिरहेको थियो । प्रचार-प्रसारको अर्थमा 'संसदवाद' ऐतिहासिक रूपले बेकम्मा भइसकेको थियो, तर सबैलाई यो कुरा थाह छ कि संसदको व्यावहारिक कार्यान्वयनसँग निकै लामो बाटो कुरेको हुनुपर्थ्यो ।

कैयौँ वर्षअगाडि नै पुँजीवादी व्यवस्थालाई बेकम्मा भन्न सकिन्थ्यो र त्यो उपयुक्त पनि थियो, तर त्यस तथ्यले पुँजीवादमा धेरै लामो समयसम्म कठोर सैर्ष गर्नुपर्थ्यो । त्यसलाई कम गरेर हेर्न मिल्दैन । संसदवादको युगको अन्त्य र सर्वहारा वर्गको युगको सुरु वा आरम्भ भइसकेको थियो । यो निर्विवाद छ कि विश्व इतिहास दशकमा गरिन्छ, त्यसैले इतिहासमा १०-२० वर्षको फरकले तार्किक निष्कर्ष निकाल्न सकिन्न । त्यसकारण संसदको प्रयोगलाई व्यावहारिक राजनीतिक रूपले वा विश्व इतिहासको मापदण्डले नाप्नु सैद्धान्तिक गल्ती हुन जान्छ । संसद र संसदवादको विरोध गर्नु जति सजिलो छ, त्यसको महत्त्व र विकासलाई अगाडि बढाउन त्यति नै कठिनाइ हुन्छ । तत्कालीन समयमा जर्मनीमा संसदवाद अझै राजनीतिक रूपले बेकम्मा भइसकेको थिएन । उनीहरूले आफ्नो व्यक्तिगत चिन्तन र विचारलाई वस्तुपरक सत्य ठान्थे । के विचार गर्नुपर्छ भने वर्गीय पार्टीले जनसमुदाय पार्टीले जस्तो काम गर्न जान्दैन । बुर्जुवा प्रजातन्त्र र संसदवादी गलत धारणालाई जनताका समक्ष पुऱ्याएर त्यसलाई भ्रमपूर्ण गलत साबित गर्नुपर्छ ।

खुला रूपमा जनताका हक-अधिकार पूरा गर्न नसकेकोह राजनीतिक र वैचारिक चेतनासँगै संगठनलाई अगाडि बढाउन नसकेको अवस्थामा संसदीय चुनावमा भाग लिनु क्रान्तिकारी पार्टीका लागि अनिवार्य हुन्छ । जनताको पिछडिएको तप्कालाई क्रान्तिकारी भावनाले प्रशिक्षित गराउनु नै यसको उद्देश्य हुन जान्छ । जबसम्म बुर्जुवा संसद र पुँजीपति वर्गको संघ-संस्था तोड्ने तपाईंमा शक्ति हुन्न, त्यस बेलासम्म क्रान्तिकारीले त्यस्ता वैधानिक मञ्चको उपयोग गर्नुपर्छ ।

गफले मात्र क्रान्ति सम्भव छैन । संविधानसभाको चुनावमा भाग लिएर बोल्सेभिकहरूले किसान, मजदुर, सेना, प्रहरी, विद्यार्थीसँग आफ्नो कुरा राख्ने मौका पाए । चुनावलाई बहिष्कार गर्नु गल्ती हुन्थ्यो । १९०५, १९०७ र १९१७ मा संविधानसभाको चुनावमा भाग लिनु बोल्सेभिकका लागि अस्थायी सम्झौता थियो जनतालाई एकीकृत, संगठित र शक्तिशाली बनाउनु थियो । त्यसबाट पुरानो संसदीय व्यवस्थालाई भङ्ग गराउन मजदुर तथा किसानहरूको क्रान्तिकारी तप्काको नेतृत्व गर्न सकिन्थ्यो । अर्कातिर सोभियतहरू आफ्नो सत्ता निर्माण गर्न चाहन्थे । संसदीय कारबाही अस्वीकार्य थियो । त्यसैलाई आधार मानेर रुसी संविधानसभालाई नियन्त्रण गरेर बोल्सेभिकहरूले आकस्मिक हमला गरी सोभियत समाजवाद निर्माण भयो ।

तत्कालीन अवस्थामा धेरै देशमा सैर्षका बेला सम्झौता गर्ने वा संसदको उपयोग गरेर दुश्मनका विरुद्ध संसदबाट प्रतिक्रियावादी संसदमै भाग लिएर दुश्मनको भण्डाफोर गर्ने विषयमा अन्तर्विरोध देखापरे । उग्र वामपन्थीले सैर्ष मात्रै गर्ने र सम्झौता नगर्ने नीति लिनुपर्ने बताए भने वामपन्थी अवसरवादीले सम्झौता गर्ने तर सैर्ष नगर्ने नीति लिनुपर्ने बताए । मुक्ति आन्दोलन र कृषि क्रान्तिका लागि दुवै चिन्तन गलत थियो वा हुन्छ । सैर्षको विकास हेरेर क्रान्तिकारीले सम्झौता वा सैर्ष आवश्यकता अनुसार गर्न सक्छन् । संघर्षवादले क्रान्तिलाई सहयोग गर्दैन । त्यसरी नै सम्झौता मात्रले पनि सकारात्मक भूमिका खेल्दैन ।

प्रतिक्रियावादीको शक्ति सन्तुलन हेरेर सम्झौता वा सैर्ष गर्न सकिन्छ । १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीले सामन्तवादका विरुद्ध कृषि क्रान्ति सुरु गऱ्यो । साम्राज्यवाद समर्थित कुओमिन्ताङ सरकारले सशस्त्र सैर्षलाई दमन गऱ्यो । फ्रान्स, जर्मन, बेलायतले आक्रमण गरी चीनको धेरै क्षेत्र नियन्त्रण गरेका थिए । लामो समयसम्म गृहयुद्ध चलिरहेका बेला जापानी साम्राज्यवादले चीनमाथि आक्रमण गऱ्यो । अब त्यहाँ राष्ट्रिय युद्ध कि गृहयुद्ध पहिलो भन्ने प्रश्न खडा गऱ्यो । माओले च्याङकाई सेकको पार्टी र उसका सहयोगी समेतसँग वार्ता गरे । वार्तालापपछि जापानका विरुद्ध चिनियाँ कम्युनिस्ट पार्टी र कुओमिन्ताङ पार्टी मिलेर सैर्ष गर्ने निर्णयमा पुगे । तर दुवै पक्ष एक-अर्काको क्षेत्रमा जान नपाउने सर्त स्विकारिएको थियो ।

चिनियाँ कम्युनिस्ट पार्टी र कुओमिन्ताङको संयुक्त शक्तिले जापानी साम्राज्यवादलाई पछाडि धकेल्यो । लालसेनाले द्वितीय विश्वयुद्धमा जापानलाई आक्रमणमा पराजित गऱ्यो, मूलत: अमेरिकाले एटम बम खसालेर जापानलाई घुँडा टेकाइएको थियो । सन् १९४५ मा कुओमिन्ताङले सत्ता आफ्नो हातमा लिएपछि आन्दोलनको निसाना च्याङ्काइसेकको सेनामाथि पऱ्यो । साम्राज्यवादीहरू च्याङ्काइसेकको पक्षबाट युद्ध मैदानमा थिए । माओका रणनीतिले बुद्धिजीवीहरू, किसान, युवाहरू, लालसेनाहरू, महिलाहरू र उत्पीडित जनताहरू संयुक्त रूपमा सैर्षमा हामफाले । १ अगस्त १९४९ मा जनगणतन्त्र स्थापना भयो ।

कम्युनिस्टको शक्ति बलियो छ भने संसदबाट पनि समाजवादको घोषणा गर्न सकिन्छ, तर त्यसमा सम्भावना कम हुन्छ । च्याङ्काइसेक भागेर चिनियाँ भूमि ताइवान पुगे, अझै पनि अमेरिकी बलमा उसको पार्टीले शासन गरिरहेको छ । विभिन्न देशका क्रान्तिकारीले सैर्ष गर्दै आएका थिए । माओवादी आन्दोलन निरन्तर जारी थियो । संसदीय व्यवस्था भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ भनेर जनयुद्धमा लागेका माओवादीहरू सशस्त्र सैर्षबाट थाकिसकेको थिए । सम्झौता वा सैर्ष अनिवार्य हुन्छन्, देश र जनताका लागि संसदमा भाग लिन सकिन्छ । सम्झौता पनि गर्न सकिन्छ, तर माओवादीहरू दिल्लीमा बाह्रबुँदे सहमतिमार्फत शान्तिपूर्ण संसदीय व्यवस्थामा आए, जनताको चाहना त्यो थिएनह त्यसले सहिद, घाइते र बेपत्ताको प्रतिनिधित्व गर्दैन । क्षतिपूर्तिले सहिद र बेपत्ताको आकांक्षा र सपना पूरा हुँदैन । सेना विघटन र संयुक्त मोर्चा नभएको कम्युनिस्ट पार्टीसँग सत्ता हुँदैन । प्रतिक्रियावादीसँग मिलेर गर्ने भनेको सरकार बनाउने मात्र हो । त्यसैलाई उनीहरूले जनवादी क्रान्ति भनिदिए । कम्बोडियामा कम्युनिस्ट पार्टीले राजा सिंहानुकसँग मिलेर राष्ट्रिय युद्ध गरेका थिए, किनकि राजा साम्राज्यवाद विरोधी थिए । पछि राजतन्त्रको अन्त भई जनवादी व्यवस्था लागु भयो, तर भियतनामी आक्रमणले कम्बोडियाको समाजवादको अन्त्य गरी पुन: राजतन्त्र फर्काए ।

क्युबा र उत्तर कोरियामा पनि प्रगतीशील शक्तिसँग मिलेर राजतन्त्रको समाप्त गरेर समाजवाद स्थापना गरिएको थियो । भारतीय कम्युनिस्ट आन्दोलनले संयुक्त मोर्चा, सम्झौता र संसदको उपयोग नगर्दा भारतमा अहिले पनि कम्युनिस्टहरूले जनवादी क्रान्ति गरिरहेका छन्, तर उनीहरूले अहिले पनि संसदको उपयोग नगर्नु, सम्झौतामा विश्वास नगर्नु र आफ्नो सहयोगी नचिन्नुले भारतमा अहिले पनि सैर्ष जारी छ ।

अहिले त साम्राज्यवाद र विस्तार वादको नियोजित षड्यन्त्रमा स्वयं क्रान्तिकारी फसिरहेका छन् । नेपालले कुन राजनीतिक बाटो लिने हो । यकिन गर्न सकिन्न किनभने गठबन्धनमा रहेका दलहरूको कुनै राजनीतिक उद्देश्य देखिन्न । रास्वपाको राजनीतिक घोषणा अनभिज्ञ छ र उनलाई लागेका आरोपलाई एमाले माओवादीले किन बचाउन खोज्यो रहस्यमय छ । कम्युनिस्टहरूले प्रतिक्रियावादी व्यवस्थाका ठुला तस्कर र प्रतिक्रियावादी तत्त्वलाई सुरक्षा गर्नु आवश्यक छैन । जुन संदीय खेल र प्रतिक्रियावादी सत्ताको हेराफेरी वा उथलपुथलले जनताको दैनिकी पूरा हुँदैन । उनीहरूले संसदीय व्यवस्थाको जुन प्रशंसा र त्यस प्रकारको गतिविधिलाई भरथेग गरेका छन्, त्यो उनीहरूले गरेका सैर्षको ठीक विपरीत छ । सबैले यसबारे चिन्तन मनन गर्नुपर्छ र राष्ट्रको हितका लागि जनताहरू सचेत हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

# उदारीकरणको नाममा नवउदारवादको उदय र प्रभाव

✍ गम्भीरबहादुर हाडा

आर्थिक कारोबारमा सरकारी हस्तक्षेप अति न्यून हुनुपर्छ भन्ने आवाज १८ औं शताब्दीमा स्वतन्त्र अर्थव्यवस्थाको सिद्धान्तले उठाएको थियो । उति बेला जे.बी.से.को पूर्तिले आफ्ना माग आफैं सिर्जना गर्छ भन्ने सिद्धान्त प्रख्यात र सान्दर्भिक पनि मानिएको थियो । तर १९ औं शताब्दीमा अमेरिका, ब्रिटेनजस्ता देशहरूमा आएको मन्दीलाई रिकार्गो माल्थस, जे.बी.से. एडमस्मिथ आदि शास्त्रीय अर्थशास्त्रीका धारणाले उपचार गर्न सकेन । आखिर प्रसिद्ध अर्थशास्त्री किन्सको सरकारी हस्तक्षेपद्वारा मन्दीको उपचार गरिनुपर्छ भन्ने धारणा व्यावहारिक हुन पुग्यो । तर आजको २० औं शताब्दीमा भने किन्स सफल भइराख्न सकेन र फेरि अर्थव्यवस्थाको सुधारको लागि सरकारी हस्तक्षेप कम हुनुपर्छ भन्नेतर्फ अर्थशास्त्रीहरू जान थालेको देखिएको छ भने कम्युनिस्ट देशमा पनि आर्थिक सुधारको निम्ति सरकारी हस्तक्षेप बिस्तारै घट्नुपर्ने र बजारमुखी अर्थव्यवस्था हुनुपर्ने धारणा झन् व्यापक हुन थालेको छ ।

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् आ.व. २०४८/०४९ मा पहिलो जननिर्वाचित सरकारले प्रथम बजेट र आठौं पञ्चवर्षीय योजनामार्फत आर्थिक उदारवादलाई प्राथमिकता दिई संस्थानहरूको निजीकरण अभियानलाई व्यवस्थित गर्न निजीकरण ऐन २०५० ल्याइएको थियो । निजीकरण ऐन २०५० ले व्याख्या गरेअनुसार निजीकरण भन्नाले प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउने, तिनलाई बिक्री गर्ने वा भाडामा दिने, सरकारी स्वामित्वलाई जनसधारणमा लैजाने वा त्यस्ता प्रतिष्ठानमा कर्मचारी कामदार वा इच्छुक सबै समुदायको आंशिक वा पूर्ण सहभागिता गराउने प्रक्रियालाई बुझाउँछ । सोही ऐनअनुसार नेपालमा महत्वपूर्ण उद्योगहरूको निजीकरण, औद्योगिक नीति १९९२ को उदार प्रश्रय, विदेशी लगानीप्रतिको उदारता यसका उदाहरणहरू हुन् । यो उदारताको प्रक्रिया केही वर्तमानले पनि देखाइरहेको छ भने विस्तृत प्रतिक्रियाको लागि भविष्य पर्खनै पर्छ । नेपालमा उदार र खुल्ला आर्थिक नीतिबाट औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पारी आर्थिक वृद्धिदर उच्च राख्ने र विदेशी लगानीलाई समेत प्रोत्साहित गर्ने नीति सरकारले लिएको पाइन्छ । विगत १३ वर्षदेखि नेपालले आर्थिक उदारीकरणको अभ्यास गर्दै आएको छ ।

झनै विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरिसकेको अवस्थामा यो अभ्यास एवं खुल्ला व्यापार प्रणालीले उच्चतम प्रश्रय पाउनेछ । यो अभ्यासको क्रममा औद्योगिक प्रतिस्थापनको अवधारणामा आधारित औद्योगीकरणबाट अगाडि बढेर निर्यातमा आधारित विकासको मान्यता अपनाइएको छ । आयाततर्फ इजाजतपत्रको व्यवस्थालाई खारेज गरी कोटा प्रणालीको पनि अन्त्य गरिएको छ । भन्सार दरबन्दीमा व्यापक पुनरावलोकन गरी भन्सारदरहरूलाई घटाइएको छ र सरलीकृत पनि गरिएको छ । उदाहरणका लागि, १९८० को दशकमा रहेको ४०० प्रतिशतको उच्चतम भन्सार दरलाई घटाई हाल ८० प्रतिशतमा ल्याइएको छ । यसबाट व्यापारमा उल्लेखनीय वृद्धि भएको छ । सन् १९९१ मा कुल गार्हस्थ्य उत्पादनमा व्यापारको अनुपात २२.७ प्रतिशत थियो । सन् २००२ मा यो अनुपात बढेर ३८.२ प्रतिशत पुगेको छ ।

विश्वमा सन् १९३० को दशकबाट लोककल्याणकारी राज्यको स्थापना र योजनाबद्ध विकासको प्रक्रियालाई अगाडि बढाउन सरकारी लगानीमा सार्वजनिक संस्थानहरुको स्थापना गर्न थालिएको हो । नेपालमा पनि वि.सं. २००७ मा प्रजातन्त्रको स्थापनापश्चात् योजनाबद्ध विकासको थालनीको लागि संस्थानको स्थापनालाई अगाडि बढाइएको हो । वि.सं. २०४९ सम्म ६६ वटा सार्वजनिक संस्थानहरु रहेकोमा विनिवेशको नीति अवलम्बनपश्चात् हाल ४१ वटा संस्थान अस्तित्वमा रहेका र ३७ वटा संस्थान सञ्चालनमा रहेका छन् ।

आर्थिक उदारीकरणले विश्वबजारमा पहुँच भई विश्व अर्थव्यवस्थामा अवसरहरु वृद्धि भएको छ । सरकारको भूमिका कानुनीरुपमा परिभाषित गरिएको छ । वैदेशिक रोजगारी र विप्रेषणमा वृद्धि भएको छ । पर्यटकको संख्या र वस्तु व्यापारमा वृद्धि भएको छ । सूचना प्रविधिको व्यापक उपयोग र सस्तो हुन पुगेको छ । भन्सार र करका दरहरु घटेका छन् । सेवा वितरणमा विकेन्द्रित हुँदै गएको छ । वैदेशिक क्षेत्रको व्यापक विस्तार र सक्रियता देखिएको पाइन्छ । वैदेशिक सहायता बर्सेनि बढेको छ । वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि भएको छ । वैदेशिक सहायता बर्सेनि बढेको छ । वित्तीय संस्थाहरुका संख्यात्मक वृद्धि भएको छ । पूँजी बजार उदार भएको कानुनी तथा संस्थागत व्यवस्था तयार भएको छ । रोजगारीमा वृद्धि भएको छ । निजी क्षेत्रले उत्पादनमूलक उद्योगमा चासो देखाएका छन् ।

**नवउदारवादको उद्भव र विकास** :

'पेरिस कम्युन' पश्चात् संसारमा पहिलोपटक मार्क्सवादलाई व्यावहारिकरुपमा लागू गर्दै महान् लेनिनको नेतृत्वमा बहुचर्चित सोभियत संघमा समाजवादको स्थापना भयो । आफ्नो स्थापनाकालदेखि नै सोभियत संघ र समाजवादको शैशवसत्ताले धेरै हन्डर र ठक्कर खानुपऱ्यो तर बहुसंख्यक जनताको हित गर्ने व्यवस्था भएकाले यसको लोकप्रियता झन् बढ्दै गयो । सोभियत संघभित्र यसका विरोधी एकपछि अर्को गर्दै कमजोर हुँदै गए भने बाह्य संसारमा समेत समाजवादप्रतिको आकर्षण एउटा लहरका रुपमा फैलियो । संसार भरि कम्युनिस्ट पार्टी गठन भए र क्रान्तिका लागि तिनले आ-आफ्ना खाका कोर्न थाले । औपनिवेशिक र अर्धऔपनिवेशिक अवस्थामा रहेका देशमा पनि कम्युनिस्ट पार्टी स्थापित भए, जसले राष्ट्रिय मुक्तिसँगै वर्गीय मुक्तिको आन्दोलनलाई अगाडि बढाउन थाले ।

सोभियत सत्ता झन्-झन् लोकप्रिय र प्रभावकारी हुँदै गयो । एउटै विश्वदृष्टिकोण र कम्युनिस्ट पार्टीबीचमा पारस्परिक सहयोगले गर्दा एक प्रकारको समाजवादी खेमा तयार भयो । दोस्रो विश्वयुद्धसम्म आइपुग्दा सोभियत संघ र समाजवादी खेमा अत्यन्तै शक्तिशाली बन्दै गयो । त्यति नै बेला साम्राज्यवादी खेमा भने आन्तरिक समस्यामा उल्झन थाल्यो । केही साम्राज्यवादी देशको साम्राज्य विस्तारको महत्वाकांक्षा, अन्त्य र साम्राज्यवादी संघर्ष, विभिन्न देशमा चलेका राष्ट्रिय मुक्तियुद्ध र स्वतन्त्रता आन्दोलनका कारणले त्यो झन् कमजोर हुँदै गयो । साँच्चिकै पुँजीवाद, लेनिनले भनेजस्तै मरणासन्न अवस्थातिर धकेलियो ।

सन् १९३८ मा जर्मनी अर्थशास्त्री अलेक्जेन्डर रुस्तोले 'वाल्टर लिपम्यान कोलोक्वियम' मार्फत 'नवउदारवाद' शब्दको पहिलोपटक प्रयोग गरेका हुन् । र, यसको कार्यान्वयन मूलत: दोस्रो विश्वयुद्धपश्चात् मात्रै भएको हो । त्यसैले नेपालका केही विद्वान्हरुले भनेजस्तो नवउदारवादको इतिहास ३००-४०० वर्षको होइन, झन्डै ८०–९० वर्षको मात्रै हो । इतिहासको अध्ययनका हिसाबले यो भर्खरै तरुण हुँदै छ । उदारवाद र नवउदारवाद फरक कुरा हुन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १६ गते बुधबार २९ मे २०२४ । षष्ठी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५२ । सगरमाथा आरोहण दिवस । शान्ति सेना दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक काममा रुचि बढ्नेछ | **तुला** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **वृष** | : यात्रामा कष्ट मिल्नेछ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : त्रासमय दिन हुनेछ | **धनु** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **कर्कट** | : खानपिन राम्रो हुनेछ | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : कामबाट फुर्सद मिल्नेछ |

# सगरमाथा चढ्दा मात्र होइन, ओर्लिंदा पनि कीर्तिमान

काठमाडौं /फराकिला हिम नदी, आइसफलको घुमाउरो बाटो छिचोल्दै फुन्जो लामा ८८४८.८६ मिटर उचाइमा पाइला टेक्नेबित्तिकै आफूसँगै आएका गाइडलाई सोधिन्, 'कति बज्यो ?' गाइडले बिहानको साढे ६ हुन लागेको जनाउ दिए । बेस क्याम्पबाट साँझ ३ बजेर ५२ मिनेटमा हिँडेकी उनी १४ घण्टा ३१ मिनेटमा सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पाइला राखेकी थिइन् ।



'ए ! बेलैमा आइपुगिएछ', उनले सामान्य जवाफ फर्काइन् । र उनी अहिले त्यही 'बेलै'मा सगरमाथा चढेर सबभन्दा छिटो आरोहण गर्ने महिलाको विश्व कीर्तिमान बनाउन सफल भएकी छन् । 'चुचुरोमा पुगेर थोरै झुकेर आफ्नै खुट्टालाई स्याबास भनें । ठूलो दुःख सहेर मलाई यहाँसम्म ल्याइपुऱ्यायौ, अब केही समय सहिदेऊ, त्यसपछि तल ओर्लिएपछि तिमीलाई एकदमै माया गर्छु भनें', दोस्रो पटक सगरमाथा सफल आरोहण गरेको क्षण सम्झिँदै उनले भनिन्, 'मलाई यहाँसम्म ल्याइपुऱ्याउने मेरा खुट्टालाई एकदमै माया गर्छु ।'

गोरखा छेकम्पार बुर्जीगाउँ (चुमभ्याली) की फुन्जोले सगरमाथा आरोहण मात्र होइन, उत्तिकै छिटो ओर्लिएर अर्को कीर्तिमान पनि बनाएकी छन् । उनी सगरमाथा चुचुरोबाट ९ घण्टा १८ मिनेटमा बेस क्याम्प ओर्लिएकी थिइन् । 'बेसक्याम्प टु बेसक्याम्प २४ घण्टा २६ मिनेटमा पूरा गरिएछ । यो पनि पहिलो हो भनेर पछि थाहा पाउँदा खुसी लाग्यो', उनले भनिन् ।

सन् २०१८ मा सगरमाथामा सबभन्दा छिटो आरोहण गर्ने महिलाको कीर्तिमान पनि उनै फुन्जोले बनाएकी थिइन् । त्यतिबेला उनले ३९ घण्टा ६ मिनेटमा सगरमाथाको सफलारोहण गरेकी थिइन् । २०२१ मा हङकङकी स्यान यिन हङले २५ घण्टा ५० मिनेटमा सगरमाथा उक्लिँदै फुन्जोको कीर्तिमान भंग गरिदिएन् । अहिले फेरि त्यही कीर्तिमान व्यापक सुधार सहित आफ्नो नाममा फिर्ता ल्याउन उनी सफल भइन् । खासमा फुन्जो २०१८ मै २० घण्टामा सगरमाथा चढ्न सकिन्छ भनेर आरोहणमा गएकी थिइन् । गाइड दुर्घटनामा परेपछि उद्धारमा लाग्दा उनले आफैंले निर्धारण २० घण्टाको लक्ष्य पूरा गर्न सकिनन् ।

यद्यपि सबभन्दा छिटो आरोहण गर्ने महिलाको कीर्तिमान भने बनाइन् । 'ट्रेकमा जाँदा विदेशी पर्यटकहरूले 'अहो ! तिमी ३९ घण्टामै सगरमाथा चढेको !' भनिरहन्थे । मेरो लागि त त्यो सामान्य थियो' उनले भन्छिन्, '०१८ मा आफूले सोचेको जस्तो गर्न नपाएपछि त्यो कोशिस गर्छु भन्ने थियो ।'

कीर्तिमान नै राख्छु भनेर चाहिँ नलागेको फुन्जो बताउँछिन् । बेसक्याम्प पुग्दा पनि बिन्दास थिइन्, फुन्जो । उनलाई कसैलाई जित्नु थिएन, उछिन्नु थिएन । समयको दबाब नहोस् भनेर हातमा घडी पनि लगाएकी थिइनन् । 'सबैजनाले मलाई 'के सोचेको छौ ? कस्तो लागिराखेको छ भनेर भनिरहन्थे । म अरूसँग कम्पिटिसन गर्न खोजेको थिइनँ, त्यही भएर होला, मलाई रत्तिभर प्रेसर थिएन', भन्छिन्, 'इभन मेरो रेकर्ड जसले ब्रेक गऱ्यो, उसको रेकर्ड ब्रेक गर्न खोजेको पनि थिइनँ । मलाई त मेरो बेस्ट दिनु थियो ।' २०१८ मा उक्लेको बाटोभन्दा यसपटक केही फरक थियो ।

सुरक्षित आरोहणका लागि सबभन्दा जोखिमयुक्त मानिने 'आइसफल क्षेत्र'को बाटो केही घुमाउरो बनाइएको थियो । यसले सरदरभन्दा १ घण्टा ४० मिनेट लामो दूरी समय पनि बढेको फुन्जोको अनुभव छ । 'बाटो जिक्ज्याक भएपछि त अनलक्की रैछु कि क्या हो ? यसपालिका त झन लामो बाटो परेको छ, २० घन्टामा पनि पुगिँदैन कि क्या हो भन्ने लागेको थियो', उनले भनिन् ।

तर सोचेभन्दा पनि छिटो समयमा सगरमाथा चुचुरोमा पाइला टेकिन् । आफ्नो लक्ष्य पूरा गरेकी उनी अब अरुलाई गाइड गर्न चाहन्छिन् । भन्छिन्, 'मेरो रेकर्डले सुतेर बसेकाहरूलाई उठ्नुपर्छ भन्ने लागेको होला, नेपाल जानुपर्छ भन्ने लागेको होला । अब म उहाँहरुलाई गाइडिङ गर्छु ।' गोरखाको विकट हिमाली क्षेत्र चुमभ्यालीमा जन्मिएकी फुन्जो सानैदेखि हिमाल र हिउँ वरिपरि नै हुर्किइन् ।

२ वर्षको हुँदा आमा गुमाएपछि हजुरबुवाकै पछि लागेर ५ हजार मिटर उचाइभन्दा माथि चौंरी र याकसँग बालापन बित्यो । 'गणेश हिमाल छेउमा हाम्रो गाउँ थियो । त्यसमा चढ्न नपाइने भएपछि हिमाल चढ्ने भन्ने कहिल्यै सोचमा नै आएन', फुन्जोले सुनाइन्, 'कसरी हुन्छ हाम्रा ५०/६० वटा याकलाई कसरी अरूभन्दा छिटो माथि खर्क लैजाने भन्ने नै ध्यान हुन्थ्यो ।'

आफ्ना वस्तुभाउ अरूभन्दा पछि परेको फुन्जोलाई असह्य हुन्थ्यो । तर बुढ्यौलीले छोइसकेका हजुरबुवा दुध दुहुन सक्दैनथे । छिमेकी गोठालालाई बोलाउनुपर्थ्यो । 'छिमेकीहरूले पनि आफ्नो चौरी दुहेरमात्रै हाम्रोमा आउनुहुन्थ्यो, त्यसो गर्दा चराउन जाँदा हाम्रा चौंरी सधैं लास्टमा हुन्थे', उनले भनिन्, 'एकदिन हजुरबुवालाई मैले नै दुहुन्छु भनेर भनें । त्यतिबेला ७ वर्षको थिएँ ।'

त्यसपछि फुन्जोले विस्तारै ५०/६० वटा चौंरी एक्लै दुहुन थालिन् । बिहान सबेरै उठेर अरूभन्दा छिटै आफ्नो काम फत्ते गरिसक्थिन् । 'मुस्किलले तल गाउँमा वर्षको २/३ महिना बस्थें होला ! नत्र हजुरबुवासँगै माथि बस्ने हो । त्योबेलाको हर्कत सम्झँदा अहिले रमाइलो लाग्छ', ३२ वर्षीय फुन्जो भन्छिन् ।

**त्यसपछि बाटो बदलिन्...**

चुमभ्याली गाउँमा सन् २००८ मा मनास्लु पदयात्रासँग जोडिएपछि फाट्टफुट्ट पर्यटक जान थालेको फुन्जो सुनाउँछिन् । सन् २०१४/१५ देखि पर्यटक बढ्न थालेका थिए । तर त्यही वर्षमा गोरखाकै बारपाकलाई केन्द्रबिन्दु बनाएर विनाशकारी भूकम्प गयो, पर्यटक पनि ठप्प भए ।

त्यही वर्ष हेलिकप्टर लङलाइन रेस्क्यूको जागिर खान थालिन् । त्यही बेला हो उनी पहिलो पटक सगरमाथा बेसक्याम्प पुगेको । कुनै पनि हिमाल नचढेर उनी एकैचोटि सगरमाथा आँटेकी थिइन्, तर बेसक्याम्पबाटै फर्किनु पऱ्यो । त्यसपछि फुन्जो फेरि नियमित काममा फर्किइन् । उनको फुर्तिलो ज्यान, जाँगर र देखेर सबै दंग पर्थे । त्यहीबेला उनलाई कम्पनीकै एकजना दाइले सुझाव दिए, 'तिम्रो फिजिकल फिटनेस पनि राम्रो छ । बरु गाइडिङ गर, त्यसमा राम्रो गर्न सक्छौ ।'

फुन्जोलाई केवल 'अर्थ'सँग सरोकार थियो । सोधिन्, 'कति पैसा पाउँछु ?' ती दाइले नेपालमा पर्वतीय क्षेत्रमा काम गर्ने महिला गाइडको संख्या कम भएको र अहिले समय लगानी गरे भविष्यमा राम्रो प्रतिफल आउने सुझाव दिएका थिए । 'त्यसपछि मैले पनि यही क्षेत्र रोजें' भन्छिन् ।

बालापनमा हिमाली क्षेत्रमा चौंरीलाई 'गाइड' गरेकी उनी पर्वतीय पदयात्रीहरूलाई 'गाइड' गर्न लागिन् । गाइड गर्ने क्रममा उनले अमेरिकाको डेनाली, चोयु, आमादब्लम, मनास्लुलगायत हिमालको सफल आरोहण गरिन् ।

अनि २०१८ मा सगरमाथा आरोहण गरिन्, त्यो पनि कीर्तिमानका साथ । यो ६ वर्षको अवधिमा सगरमाथामा थुप्रै परिवर्तन भइसकेको फुन्जोको व्यक्तिगत अनभुव छ । हिमालमा हिउँ कम पर्दा कालापत्थरमा परिणत हुँदै गएको छ भने हिमनदीको बहाव बढेको आफूले पाएको उनी बताउँछिन् ।

'माथिबाट हिमपहिरो आउला भन्ने डर छैन, टेकेको जमिन पग्लिएर कोल्याप्स हुन्छ कि भन्ने मात्रै हो', उनले भनिन् । सगरमाथालाई अर्को पुस्ताका लागि सुरक्षित राख्नुपर्ने फुन्जोको सुझाव छ । 'क्लाइमेट चेन्जको टेन्सन लिएर बस्नुभन्दा बेलैमा आफैं केही गर्न जरुरी छ', उनले भनिन् ।

**अब हिमाल चढ्न नजा है !**

हिमाल चढ्नुअघि फुन्जो परिवारलाई खबर गर्दिनन् । जब आरोहण गरेर फर्किन्छिन्, तबमात्रै जानकारी दिन्छिन् । यसपटक पनि सगरमाथा चढ्नुअघि दाजुलाई कुनै खबर गरेकी थिइनन् । 'हिमाल चढ्नेले भन्दा आफ्नो मान्छेले बढी तनाव लिँदो रहेछ । घरको अभिभावक भएकाले दाइले चिन्ता लिनु स्वभाविक होला ! त्यही भएर उहाँलाई केही नभनी चढ्छु', उनले भनिन् ।

तर विश्व कीर्तिमान बनाइसकेकाले उनले खबर गर्नुअघि नै परिवारले थाहा पाइसकेको थियो । हिमाल चढेर फर्किइसकेपछि उनलाई आफन्त र गाउँहरु खादामालासहित स्वागत गर्छन् । अनि कानमा खसुक्क सुझाव दिन्छन्, 'सगरमाथा पनि चढिसकिस्, अब हिमाल चढ्न न जा है !' आफन्त र गाउँलेको डर फुन्जो राम्रैसँग महसुस गर्न सक्छिन् । किनकी सगरमाथा आरोहणमा प्रत्येक पाइलामा जोखिम हुन्छ ।

'सगरमाथाको टुप्पोमा पुग्नु त आधा बाटोमात्रै हो । बेस क्याम्पदेखि बेस क्याम्पसम्म सुरक्षित यात्रा गर्न सकिएन भने त्यो यात्रा सफल हुँदैन', उनले आफ्नो अनुभव सुनाइन्, 'हिमाल चढ्नु जत्तिकै गाह्रो ओर्लिंदा पनि हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रधानमन्त्री र दलहरूको दबाबमा 'पपुलिस्ट' बजेट बनाउँदै अर्थमन्त्री

काठमाडौं /बजेटका अनिवार्य दायित्व पूरा गर्न पनि स्रोत नपुगिरहेका बेला अर्थमन्त्री वर्षमान पुनले प्रधानमन्त्री तथा सत्ता साझेदार दलहरूको दबाबमा लोकप्रियतावादी (पपुलिस्ट) कार्यक्रमहरू समेटेर घोषणाको तयारी गरेका छन् ।

चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा परेर पनि सर्वोच्च अदालतले खारेज गरिदिएको संसद् विकास कार्यक्रमको नाम फेरेर पुनः घोषणा गर्ने तयारीमा अर्थमन्त्री छन् । प्रतिनिधि सभाका हरेक निर्वाचन क्षेत्रमा १० करोडका दरले बजेट विनियोजनको तयारी गरिएको अर्थ मन्त्रालय स्रोतले जानकारी दियो ।

यो भनेको १ सय ६५ निर्वाचन क्षेत्रका लागि सरकारले १६ अर्ब ५० करोड रुपैयाँ थप विनियोजन गर्नुपर्ने हुन्छ । यसका साथै यसपटक राष्ट्रिय सभाका सांसदहरूको सिफारिसमा कार्यान्वयन हुने गरी समेत बजेट घोषणाको तयारी भएको छ ।

'चालु आर्थिक वर्ष जुन नाममा कार्यक्रम आयो, त्यो नाम दोहोरिन्न । तर, सांसदहरूको सिफारिसमा कार्यान्वयन हुने गरी बजेट विनियोजन हुन्छ,' स्रोतले भन्यो । गत वर्ष बजेट संसदमा संशोधन गर्नुपरेको थियो । सांसदहरूका लागि बजेट विनियोजन नगरे यस वर्ष पनि त्यही नियति बेहोर्नुपर्ने डरले अर्थमन्त्री सांसदको सिफारिसमा कार्यान्वयन हुने कार्यक्रम राख्ने निष्कर्षमा पुगेको मन्त्रालय स्रोतको भनाइ छ ।

त्यतिमात्र होइन, अघिल्लो गठबन्धनका अर्थमन्त्री डा. प्रकाशशरण महतले कार्यान्वयन गर्न नमानेको सहिद तथा अयोग्य लडाकुलाई राहत दिने कार्यक्रम पनि अर्थमन्त्री पुनले यसपालि घोषणा गर्दैछन् ।

सरकारले गत वर्ष ४ हजार अयोग्य लडाकुलाई २ लाख रुपैयाँका दरले राहत दिने निर्णय गरेको थियो । तर, तत्कालीन अर्थमन्त्री महतले त्यसमा बजेट विनियोजन गर्न अस्वीकार गरेपछि सरकारको निर्णय नै अलपत्र परेको थियो । त्यो कार्यक्रम अर्थमन्त्री पुनले अहिलेको बजेटमा घोषणा गर्न लागेका हुन् । यसका लागि ८० करोड रुपैयाँ आवश्यक पर्छ ।

सरकारले पुस २०८० मा निर्णय गरी नयाँ सहिद घोषणा गरेका करिब २ हजार ७ सयका परिवारलाई १० लाखका दरले राहत दिन पनि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने तयारीमा अर्थमन्त्री छन् । यसका लागि २ अर्ब ६७ करोड रुपैयाँ बजेट आवश्यक पर्ने छ ।

'यी दुवै कार्यक्रमका लागि बजेट विनियोजन गर्न सक्ने अवस्था व्यावहारिक रूपमा छैन, तर प्रधानमन्त्रीले नै हामीले नगरेको यो काम कसले गर्ने भनेर अर्थमन्त्रीलाई भन्नुभएकाले सहिदका परिवार र अयोग्य लडाकुलाई राहत दिने कुरा रोक्न सकिने अवस्था छैन,' अर्थ मन्त्रालय स्रोतले भन्यो ।

त्यसैगरी वृद्धभत्ताका लागि यसअघि घटाइएको उमेर बढाउने विषयमा अर्थ मन्त्रालयमा छलफल भए पनि यसपालि त्यो पनि नहुने स्रोतले बतायो ।

'यसअघि ७० वर्ष उमेर पुगेकालाई वृद्धभत्ता दिइन्थ्यो, त्यसलाई शेरबहादुर देउवा नेतृत्वको सरकारले ६८ वर्षमा झारेको छ । त्यसलाई पुनः ७० नै पुऱ्याउनुपर्ने पक्षमा अर्थ मन्त्रालयका कर्मचारी थिए,' स्रोतले भन्यो, 'तर, यसबाट दलहरू चिढिने भन्दै अर्थमन्त्रीले यो प्रस्तावलाई अस्वीकार गरेका छन् ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## शिक्षक आवश्यकता

उपरोक्त सम्बन्धमा मनहरी गाउँपालिका शिक्षा शाखाको मिति २०८१/०२/११ को च.नं. १०२९ को प्राप्त पदपुर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०८ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई अंग्रेजी विषयको संघीय अनुदान कोटामा शिक्षक आवश्यक परेको हुँदा पदपूर्तिको लागि इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१ | निमावि अंग्रेजी | संघीय अनुदान | १ | |

२. शैक्षिक योग्यता: प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
३. उमेर : १८ वर्ष पूराभई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
५. तलब भत्ता : नेपाल सरकारले तोकेबमोजिम ।
६. दरखास्त दस्तुर : नगद रु १०००।- (एक हजार मात्र) निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति : २०८१/०२/२२ गते प्रतिक्षा सूचीमा रहेकाहरुका लागिमात्र ।
: २०८१/०२/३० गते खुल्ला उम्मेदवारको लागि ।
९. सम्पर्क मिति : २०८१/०२/३१ गते
१०. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
११. आवश्यक कागजात
क) हस्तलिखित निवेदन १ प्रति ।
ख) शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।
ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।
घ) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।

नोट: शिक्षक सेवा आयोगको करार सूचीमा परेकाहरुको हकमा योग्यता क्रमको आधारमा विज्ञापन भएको ७ दिनभित्र मात्र दरखास्त दर्ता गरी नियमअनुसार नियुक्ति गरिनेछ । ७ दिनभित्र करार सूचिमा सूचिकृत उम्मेदवारको दरखास्त नआएमा खुल्ला उम्मेदवारको लागि शिक्षा नियमावली २०५९ को नियम ९७ सहितको प्रक्रिया पूरा गरी नियुक्ति गरिनेछ । थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्न सकिने छ ।

**श्री सगरमाथा आधारभूत विद्यालय**
मनहरी-६, मकवानपुर
**सम्पर्क नं.:** ९८४५७३३६३२ (प्र.अ.), ९८६५३९५४९१ (वि.व्य.स. अध्यक्ष)

# बोर्डले फिल्म क्षेत्रको नाम 'सिनेमाण्डु' राख्ने भएपछि विरोध

काठमाडौं /अभिनेता भुवन केसी चलचित्र विकास बोर्डको अध्यक्ष हुँदा फिल्मकर्मीहरुले ठूलो अपेक्षा राखेका थिए । नजिकबाट फिल्म क्षेत्रको समस्या बुझेका उनले सम्झनलायक काम गर्ने विश्वास धेरैमा थियो । तर, उनको कार्यकाल विवादले बढी सम्झिने बनेको छ । उनी बोर्डको अध्यक्षमा नियुक्त भएदेखि सुरु भएको विवादको श्रृंखला उनको कार्यकाल अन्तिम घडीमा आइपुग्दा पनि यथावत् नै छ ।




आगामी साउनमा पदमुक्त हुन लागेका अध्यक्ष केसीले यतिबेला फिल्म क्षेत्रको विकासमा जोड दिनुभन्दा यो क्षेत्रको नामाकरण गर्नु महत्त्वपूर्ण ठानेका छन् । त्यसका लागि बोर्डले नेपाली फिल्म क्षेत्रको नाम तयार पार्न एउटा समिति बनाएको थियो । त्यो समितिले सिफारिस गरेको नाममा फिल्म सम्बद्ध संघ-संस्थाहरुसँग छलफल गरेपछि 'सिनेमाण्डु' राख्ने सहमति भएको जानकारी प्राप्त छ ।

अब बोर्डले सोमबार यो नामलाई अनुमोदन गरेर तालुकवाला निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने तयारी गरेको छ । त्यसपछि मन्त्रालयले मन्त्रिपरिषद्मा नाम पेश गर्नेछ । मन्त्रिपरिषद्ले पनि अनुमोदन गरेको अवस्थामा नेपाली फिल्म क्षेत्रको आधिकारिक नाम 'सिनेमाण्डु' हुनेछ । तर, बोर्डको यो कदमलाई लिएर फिल्म क्षेत्रमा चर्को रुपमा टिका-टिप्पणी सुरु भएको छ ।

'द रेड सुटकेट' र 'ऐना झ्यालको पुतली'का निर्माता रामकृष्ण पोखरेलले फेसबुकमा स्टाटस लेख्दै कार्यालय सहायकको जति पनि 'भिजन' नभएका व्यक्तिलाई संघ-संस्थाको नेतृत्वमा निर्वाचित वा मनोनित गर्दाको प्रतिफल भन्दै कटाक्ष गरेका छन् । फिल्म क्षेत्रको नाम राख्न भएको सहमति असक्षम नेतृत्वको लाजमर्दो कार्य रहेको बताउँदै उनले यसको सबैले विरोध गर्नुपर्ने उल्लेख गरेका छन् ।

समीक्षक तथा लेखक सामिप्यराज तिमल्सिनाले पनि स्टाटसमार्फत फिल्म क्षेत्रको नाम राख्ने बोर्डको कार्यप्रति आपत्ति जनाएका छन् । उनले लेखेका छन्, 'दुनियाँलाई नचाहिने अनि हामीलाई मात्र बेग्लै नाम किन चाहिने होला ? नेपालको चलचित्र उद्योगलाई नेपाली चलचित्र उद्योगभन्दा नमिलेको के छ ? बुझाइपाउँ त ?' बोर्डले वाहियात काम गरेर कीर्तिमान नै कायम गरेको उनको टिप्पणी छ ।

उनको स्टाटसको कमेन्टमा निर्देशक शिवम् अधिकारीले नाम राख्नका लागि समिति बनाउन जरुरी नै नभएको उल्लेख गर्दै 'नेपाली फिल्म उद्योग' नाम राख्न सुझाव दिएका छन् । त्यस्तै, कलाकार अमितेष शाहले 'कम्पनी खोल्दैछन् क्या हो ?' भन्दै बोर्डप्रति कटाक्ष गरेका छन् । निर्देशक तथा लेखक परिक्षेद सेनले 'सिनेमाण्डु'लाई फिल्म क्षेत्रको नाम हो कि 'न्यूज पोर्टल' भन्दै व्यंग्य गरेका छन् ।

# जापानमा आक्रामक 'पूजार सार्की', पलको देखियो अद्भूत क्रेज

काठमाडौं /म्यूजिक भिडियोबाट उदाएका अभिनेता पल शाहको युवापुस्तामा जबर्जस्त क्रेज छ । उनी छायांकन हुँदा होस् वा महोत्सवमा पुग्दा देखिने क्रेज लोभलाग्दो हुन्छ । उनका फिल्म रिलिज हुँदा हलमा पनि दर्शकहरुको राम्रै चहलपहल देखिन्छ । यतिबेला प्रदर्शनरत फिल्म 'पूजार सार्की'बाट पनि उनले आफ्नो स्टारडम देखाएका छन् । उनलाई हेर्नकै लागि ठूलो मात्रामा दर्शक हल पुगेका छन् ।



उनको २ वर्षपछि हलमा फिल्म लागेको हो । पछिल्लोपटक फिल्म 'म यस्तो गीत गाउँछु २' (२०७८) रिलिज हुँदा उनी जेलमा थिए । त्यसबेला दर्शक भेट्न हलमा जाने उनको सपना अधुरै बनेको थियो । 'पूजार सार्की'ले २ वर्षपछि उनको त्यो सपना पूरा गरिदियो । बिहीबार काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकसँग प्रत्यक्ष भेट गरेपछि उनी फिल्मको प्रदर्शनका लागि जापान उडेका थिए ।

नेपालमा जस्तै जापानमा पनि पलको अद्भूत क्रेज देखिएको छ । दर्शकको भीड थामिनसक्नु हुँदा १२ सय सिट क्षमताको नाकानो जेरो हलमा १५ सय दर्शक राखेर फिल्म देखाइएको थियो । सिट नहुँदा कतिले उभिएर त कतिले भुँईमा बसेर फिल्म हेरेका थिए । पललाई हेर्नकै लागि पनि दर्शक ओइरिएका थिए । अहिले जापान शोको तस्वीर र भिडियोहरु सामाजिक सञ्जालमा भाइरल छन् ।

नाकानो हलमा पलले इन्ट्री लिँदा उनलाई स्टेजसम्म पुऱ्याउनै आयोजकलाई हम्मेहम्मे परेको थियो । उनीसँग भेट गर्न र फोटो खिच्न दर्शकहरुमा चलेको घम्साघम्सी पनि नियन्त्रणबाहिर थियो । जब पल स्टेज उक्लिए तब युवतीहरुबाट 'लाई लभ यू'को वर्षा भएको थियो । कतिले उनलाई गुलाबको फूल दिएर प्रेम दर्शाए । पलले पनि भ्याएसम्म तस्वीर खिच्दै र हात मिलाउँदै हार्दिकता देखाए ।

उक्त शोका आयोजक मध्येका एक सचिन आचार्यले 'आउट अफ कन्ट्रोल' भीडका साथ फिल्म चलेको बताए । 'हामीले भीड थाम्नै नसक्ने अवस्था थियो । व्यवस्थापन मिलाउन खोज्दा भिड 'आउट अफ कन्ट्रोल' भयो ।

बागमती प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
हेटौंडा, मकवानपुर

मनहरी गाउँपालिका वडा न ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लाागि

## सार्वजनिक सुनुवाई कार्यक्रमसम्बन्धी सूचना !

*(प्रकाशित मिति : २०८१/०२/१५)*

बागमती प्रदेश, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, चितवनद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बागमती प्रदेश सरकार<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय<br>भरतपुर, चितवन<br>ईमेल: chitwanido@gmail.com फोन नम्बर: ०५६-५१७८२० | |
| परामर्शदाता | हिमालयन रिसर्च फोरम नेपाल प्रा.लि., मैतीदेवी ३०, काठमाडौं | |
| प्रस्तावको व्यहोरा | मनहरी गाउँपालिका वडा न ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माण कार्य<br>पुलले जोड्ने सडक: रजैया भएर डिल्लीपुर-हेटौडा जोडिने (स्थानीय सडक) | |
| | पुलको कुल लम्बाई: २५६ मि.<br>पुलको चौडाई: ८.४ मि. | Span arrangement : ६x४० मि.,<br>Carriageway : ६ मि.<br>Kerb : १.२ मि. (१ मि. फुटपाथ सहित) |
| प्रभावित गाउँपालिका | मनहरी गाउँपालिकाको वडा नं. ५ र ९ | |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई आयोजना गरी राय सुझाव संकलन गर्न आवश्यक रहेकोले स्थानीय समुदाय, स्थानीय तहका प्रतिनिधि, वन उपभोक्ता समूहका प्रतिनिधि र सम्पूर्ण सरोकारवाला निकायमा देहाय बमोजिमको स्थान र समयमा उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रम:**
**मिति:** २०८१/०२/२३
**समय:** बिहान ११:००
**स्थान:** अग्नि होत्र आश्रम हल, मनहरी ९, रजैया

# हेटौंडा सिमेन्टको नोक्सान बढेर ९० करोड पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ सरकारी लगानीमा सञ्चालित हेटौंडा सिमेन्ट उद्योगको सञ्चित नोक्सानी बढेर ८९ करोड ५६ लाख रुपैयाँ पुगेको छ । यो वर्षको अवधिसम्ममा हेटौंडा सिमेन्टको नोक्सानी बढेर ९० करोड रुपैयाँ पुगेको महालेखापरीक्षकको कार्यालयले जानकारी दिएको हो ।




महालेखाले सार्वजनिक गरेको ६१ औं वार्षिक प्रतिवेदन अनुसार हेटौंडा सिमेन्टको नेटवर्थ र आम्दानी घटेको छ भने खर्च र नोक्सानी बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा कारखानाको नेटवर्थ ११ करोड १९ लाख रुपैयाँ थियो । जुन, यो वर्ष घटेर ५० लाख रुपैयाँमा आइपुगेको छ । यस्तै, यो वर्ष १ अर्ब ४ करोड ६५ लाख रुपैयाँ आम्दानी भएकोमा १ अर्ब १९ करोड ३५ लाख रुपैयाँ खर्च भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यससँगै यो वर्षको घाटा जोडेर हालसम्म उद्योगको सञ्चित नोक्सानी ८९ करोड ५६ लाख पुगेको हो ।

सरकारले तत्कालीन समयमा उच्चगुणस्तरको सिमेन्ट उत्पादन, सिमेन्टको आयात प्रतिस्थापनलगायतको लक्ष्यसहित उद्योग स्थापना गरेको थियो । यस्तै निर्यातमा योगदान र औद्योगिक तथा आर्थिक विकास र रोजगारी सृजना गर्ने उद्योग स्थापनाको मुख्य लक्ष्य थियो । वि.सं. २०३३ सालमा उद्योग स्थापना भई २०४२ सालदेखि सिमेन्टको व्यापारिक उत्पादन सुरु भएको थियो । यो उद्योगमा हाल ३५७ कर्मचारी कार्यरत छन् । अधिकृत पुँजी ३ अर्ब ३९ करोड रुपैयाँ रहेको उद्योगमा आर्थिक वर्ष २०७८/७९ सम्मको चुक्ता पुँजी ९० करोड ६ लाख ८५ हजार रुपैयाँ छ ।

चुक्ता पुँजीमध्ये नेपाल सरकार, अर्थ मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र खानी तथा भूगर्भ विभाग प्रत्येकको १८ करोड १ लाख ३७ हजार सेयर छ । उद्योगको वार्षिक सिमेन्ट उत्पादन क्षमता करिब २ लाख ६० हजार मेट्रिकटन रहेपनि विगत १० वर्षमा अधिकतम ५४ प्रतिशतसम्म मात्र क्षमताको उपयोग भएको प्रतिवेदनले देखाएको छ ।

आर्थिक वर्ष २०७३/७४ मा पूर्णक्षमतामा उत्पादन भएकोमा त्यसपछिका वर्षहरुमा ५० प्रतिशत भन्दा कम क्षमतामा मात्र सिमेन्ट उत्पादन भइरहेको छ । २०७७/७८ मा उत्पादन क्षमताको करिब ३४ प्रतिशत सिमेन्ट उत्पादन भएकोमा २०७८/७९ मा करिब ३१ प्रतिशत मात्र उत्पादन भएको छ । यसबाट उद्योगको बिक्री र आयसमेत न्यून भएकोले उत्पादन क्षमताको पूर्णउपयोग गरी बिक्री तथा मुनाफा वृद्धि गर्नुपर्ने देखिन्छ ।

यसैगरी उद्योगको उत्पादन लागतको तुलनामा न्यून मूल्यमा सिमेन्ट बिक्री भइरहेको छ । उद्योगको वित्तीय विवरणअनुसार सिमेन्टको उत्पादन लागत मूल्य प्रति ५० किलोग्राम ६४५ रुपैयाँ छ । जबकि बजारमा बिक्री मूल्य ६५० र डिलरलाई बिक्री मूल्य ६१० रुपैयाँ रहेको देखिन्छ । यो उत्पादन लागतभन्दा पनि बिक्री दर न्यून हो ।

उद्योगको २०७९ आषाढ मसान्तको बैंक मौज्दात विवरण अनुसार ४९ लाख रुपैयाँ ऋण देखिन्छ । घाटामा सञ्चालनमा रहे पनि उद्योगको दायित्वमा कर्मचारीको व्यवस्थापन भने पर्छ । उद्योगलाई कर्मचारीको व्यवस्थापन नै घाँडो बन्न थालेको प्रतिवेदले देखाउँछ ।

उद्योगमा कार्यरत रहेका साढे ३०० भन्दा बढी कर्मचारीका लागि प्रदान गरिने उपदान, औषधि उपचार तथा बिदा व्यवस्थाबापत २०७९ आषाढ मसान्तसम्म ७० करोड ४५ लाख खुद दायित्व रहेको देखिन्छ । कर्मचारी दायित्वसम्बन्धी व्यवस्थामा १ करोड २२ लाख रुपैयाँ मात्र रहेकाले यो रकमले कर्मचारीको दायित्व बहन गर्न सक्ने अवस्था छैन ।

यसबाहेक उद्योगको दायित्वमा बिजुलीको बिलसमेत आउँछ । नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडरबापत माग गरेको थप महशुल रकम ४ करोड ६७ लाख ५७ हजार रुपैयाँ तिर्नुपर्ने छ । उद्योग र प्राधिकरणबीच मासिक १५ लाख रुपैयाँ बक्यौता भुक्तानी गर्ने सम्बन्धी सहमति भएको थियो । सोहीअनुसार यो वर्ष १ करोड ५० लाख रुपैयाँ भुक्तानी भएकोमा बाँकी ३ करोड १७ लाख ५७ हजार रुपैयाँ दायित्व छ । जसलाई लेखांकन गरिएको छैन ।

तर, आफूले गर्नुपर्ने असुलतर्फ भने उद्योगको ध्यान गएको देखिँदैन । उद्योगले पुराना लिनुपर्ने रकम असुल गर्नुपर्नेमा करोडौं रुपैयाँ बेवास्तापूर्वक छाडेको प्रतिवेदनमा उल्लेख छ । उद्योगले यो वर्षसम्म खुद लिनुपर्ने ११ करोड ५७ लाख रुपैयाँ असुल गर्न सकेको छैन । यो रकममा लाग्ने ब्याज रकमसमेत हिसाब गरी असुल गर्नुपर्नेमा महालेखाको जोड छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका कर्मचारीहरु भने उद्योग सरकारलाई निल्नु न ओकल्नु भइरहेको बताउँछन् । उद्योगलाई बन्द गर्दा कर्मचारी व्यवस्थापनमा आउने चुनौती र दबाब सहन नसक्ने उनीहरुको तर्क छ । तर, सञ्चालन नै गरिराख्न पनि बर्सेनि करोडौं रुपैयाँको घाटा सहन नसक्ने मनस्थिति देखिन्छ । तर, उद्योग बन्द गरेपछि कार्यरत कर्मचारीको दबाब झेल्न नसक्ने भन्दै बर्सेनि करोडौंको घाटा खाइरहेको उद्योग सञ्चालनमा छ ।






सोमबार दिउँसोको वर्षाका कारण हेटौंडा-१०, स्थित बागमती प्रदेशसभा भवन जलमग्न भएको छ । भवनको भित्र र बाहिर पानी जमेको छ । प्रदेशसभा भवनमा ढलनिकासको प्रबन्ध नहुँदा दिउँसो २ बजेदेखि एक घण्टा परेको पानी जमेको हो । बागमतीको प्रदेशसभा बैठक सोमबार नै बोलाइएको थियो । बैठक बस्नुअघि प्रदेशसभा परिसर जलमग्न हुँदा हिँड्डुलमा समस्या भएको थियो । *तस्बिर: साझाकुरा दैनिक ।*

# डीडीसीको हेटौंडा वितरण आयोजनाबाट १ करोड घोटाला

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ आर्थिक वर्ष २०७९/८० मा दुग्ध विकास संस्थान (डीडीसी) हेटौंडा दुग्ध वितरण आयोजनाबाट १ करोड २० लाख रुपैयाँ बराबर घोटाला भएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६१ औं वार्षिक प्रतिवेदनले डीडीसीको भ्रष्टाचार औंल्याएको हो । प्रतिवेदनअनुसार दूध तथा दुग्धपदार्थ बिक्रीबापत एक डिस्ट्रिब्युटरसँग लिनुपर्ने रकम बैंक दाखिला नहुँदा समेत बैंक दाखिला देखाइ नगद हिनामिना गरेको पाइएको हो ।

'बैंकको विगत वर्षदेखिको हिसाब भिडान गर्दा १ करोड २० लाख घटी दाखिला गरिएको छ । सञ्चालक समितिको २०७८ चैत २८ को निणर्यबाट २०७९ वैशाख १९ मा निज डिस्ट्रिब्युटरविरुद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिइएकोमा जिल्ला अदालतमा विचाराधीन रहेको छ,' प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार डीडीसीले साल्ट ट्रेडिङ कर्पोरसन, नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र एक डेरी सप्लायर्सबाट चेकमार्फत ४५ लाख रुपैयाँ लिनुपर्ने हिसाबमा घटाइ समायोजन गर्नुपर्नेमा बिक्री शाखामा कार्यरत कर्मचारीसँग लिनुपर्ने नगद हिसाबमा मिलान गरेको भन्दै महालेखाले सम्बन्धित कर्मचारीबाट उक्त रकम ब्याजसमेत असुल गर्नुपर्ने सुझाव दिएको छ ।

# बागमतीमा डेंगु संक्रमित संख्या ११ हजार नाघ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ बागमती प्रदेशमा डेंगु संक्रमितको संख्या ११ हजार नाघेको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको तथ्याङअनुसार चालु आर्थिक वर्षको साउनदेखि जेठ १३ गते आइतबार सम्म प्रदेशका १३ जिल्लामा डेंगु सङ्क्रमितको संख्या ११ हजार ४७५ पुगेको हो ।



स्वास्थ्य मन्त्रालयका अनुसार गत २४ घण्टामा तीनजना डेंगु सङ्क्रमित थपिएका छन् । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म सबैभन्दा बढी धादिङमा डेंगु पुष्टि भएको छ ।

मन्त्रालयको तथ्यांक अनुसार धादिङमा तीन हजार ५०७ र सबैभन्दा कम रसुवामा दुई जनामा डेंगु पुष्टि भएको थियो । तथ्यांक अनुसार चालु आर्थिक वर्षको हालसम्म काठमाडौंमा तीन हजार, चितवनमा एकहजार ७३७, ललितपुरमा एकहजार ४३८, मकवानपुरमा ८८८, भक्तपुरमा ४९४, काभ्रेपलाञ्चोकमा १६७ जनामा डेंगु पुष्टि भएको छ ।

त्यस्तै नुवाकोटमा ८१, दोलखामा ७९, रामेछापमा २७, सिन्धुपाल्चोकमा ३२ र सिन्धुलीमा २३ जनामा डेंगु पुष्टि भएको स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. रवीन भुषालले जानकारी दिए । मन्त्रालयका अनुसार चालु आवको साउनमा दुइ हजार ५१८, भदौमा दुई हजार ८०९, असोजमा दुई हजार ८१६, कार्तिकमा दुईहजार ७०, मङ्सिरमा ७६९, पुसमा १९६, माघमा ५७, फागुनमा ४४ र चैतमा ११२, वैशाखमा ७३ र जेठको १३ गतेसम्म ११ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको सूचना अधिकारी भुषालले जानकारी दिए । चालु आवको साउनदेखि जेठ दोस्रो सातासम्म डेंगु सङ्क्रमणका कारण छ जनाको मृत्यु भइसकेको छ ।

डेंगु सङ्क्रमणबाट आफू र आफ्ना परिवारलाई जोगाउन लामखुट्टेको टोकाइबाट बच्न स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ । सुत्दा झुलको प्रयोग गर्न, लामखुट्टेको टोकाइबाट बचाउने धूप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्न, ट्यांकी र कुलरहरु कम्तिमा हप्तामा एकपटक सरसफाइ, वरपर पानी जम्न नदिने, पूरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउन र डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्थामा जानका लागि मन्त्रालयका सूचना अधिकारी डा. भुषालले आग्रह गरेका छन् ।

# गणतन्त्र दिवसका अवसरमा रक्तदान र स्वास्थ्यपरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/गणतन्त्र दिवस २०८१ को अवसरमा हेटौंडामा रक्तदान तथा स्वास्थ्यपरीक्षण सम्पन्न भएको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको आयोजना तथा हातेमालो बचत तथा ऋण सहकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

हेटौंडास्थित बुद्धचोकमा भएको कार्यक्रममा २८ जनाले रक्तदान गरेका थिए । बागमती प्रदेश स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठको उपस्थितिमा रक्तदान भएको थियो । रक्तसंचार केन्द्रमा रगतको अभाव नहोस भन्ने उद्देश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको स्वास्थ्यमन्त्री श्रेष्ठले बताए ।

रगतदान भन्दा ठुलो अरु दान हुन नसक्ने भन्दै उनले यस्ता कार्यहरु सबै ठाउँमा गरिनु आवश्यक रहेको बताए । अमूल्य रगत दान गर्ने सहयोगीलाई उनले धन्यवाद दिए । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्का, प्रवक्ता डा.खगेश्वर गेलाल, सूचना अधिकारी डा. रविन भुषालगायतको उपस्थिति रहेको थियो । हातेमालो सहकारीको १८ औं स्थापना दिवसको अवसर भएकाले कार्यक्रममा सहकार्य गरेको सहकारीका सचिव सीताराम दाहालले जानकारी दिए । कार्यक्रममा नसर्ने रोग मधुमेह, रक्तचापको ८० जनाले नि:शुल्क परीक्षण गराएको दाहालले जानकारी दिए ।

# मनोरञ्जन कर खारेज गर्न बागमती प्रदेश सरकारसमक्ष माग

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ठमेल पर्यटन विकास परिषद्ले ठमेलभित्र सञ्चालित व्यवसायमा लगाएको पाँच प्रतिशत मनोरञ्जन कर खारेज गर्न माग गरेको छ ।

परिषद्का अध्यक्ष भविश्वर शर्मा नेतृत्वको टोलीले वागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल तथा मन्त्रीहरुलाई भेटेर ठमेल क्षेत्रभित्रका व्यवसायमा लगाएको मनोरञ्जन कर हटाउन माग गर्दै ज्ञानपत्र बुझाएको हो । परिषद्ले विगतदेखि ठमेल क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरी सबै व्यवसायीलाई नि:सर्त पर्यटन व्यवसायीका रुपमा उपत्यका पर्यटन कार्यालयमा दर्ता गर्न आग्रह गरेको छ ।

टोलीले ठमेलमा सञ्चालित होटलमा हाल नवीकरण प्रक्रियामा अनावश्यक झन्झट दिने गरी वातावरणीय प्रभाव मूल्यांकन (आइई र इआइए) माग गरिएको भन्दै 'रिपोर्ट' विना सहज तरिकाले नवीकरण गर्न माग गरेको छ । सोमबार बागमती प्रदेशका सभामुख भुवनकुमार पाठक, उपसभामुख अप्सरा चापागाइँ, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यलगायतलाई भेट गरी आफ्नो मागको विषयमा परिषद्ले ध्यानाकर्षण गराएको हो ।

भेटमा मुख्यमन्त्री जम्कट्टेलले परिषद्को मागलाई गम्भीरतापूर्वक लिई चाँडो कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । परिषद्का उपाध्यक्ष सहदेव धमलाले दिएको जानकारीअनुसार भेटमा क्लब एसोसिएसनका अध्यक्ष राजु दनै, रात्रिकालीन व्यवसायी संघका अध्यक्ष रुपेश गुरुङ, दोहोरी संघका अध्यक्ष विनोद श्रेष्ठलगायत दुई दर्जन बढी व्यवसायी प्रदेश सरकारसमक्ष गुनासो गर्न हेटौंडा आएका थिए ।

# गणतन्त्र दिवसको अवसरमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ गणतन्त्र दिवसको अवसरमा वृक्षरोपणको आयोजना गरिएको छ । गणतन्त्र दिवस २०८१ को अवसरमा वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशले सोमवार हेटौंडा-८ स्थित चिल्डेन पार्कमा वृक्षरोपण गरेको हो ।

वृक्षरोपण कार्यक्रममा बोल्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गणतन्त्रले संथागत गरेको संघीयता अभ्यास भएको छोटो समयमा तीनै तहको सरकार सम्बृद्ध हुँदै गएको बताए । संघीयता पछि सेवाप्रवाह, विकास निर्माणका काम नयाँ ढंगले अघि बढेको उनको भनाई छ ।

यसैगरी, बागमती प्रदेशका वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखरेलले गणतन्त्र दिवसको अवसर पारेर मुख्यमन्त्री, प्रमुख सचिव लगायतको ट्याग सहित रोपिएको विरुवा स्थानीय वडा कार्यालयले महत्वका साथ अपनत्व गर्नेमा विश्वस्त रहेको बताए ।

करीब दस कट्ठा क्षेत्रफलमा फैलिएको चौरमा एक सय भन्दा बढी विभिन्न जातका विरुवा रोपिएको वन तथा वातावरण मन्त्रालयका सचिव धिरेन्द्र प्रधानले जानकारी दिए । वृक्षरोपण कार्याक्रममा प्रदेशका मन्त्री, सचिव लगायतको सहभागिता रहेको थियो ।

## हार्दिक आमन्त्रण



**जन्म:** २००७ फागुन १२ गते

**स्वर्गारोहण:** २०८१ बैशाख २७ गते

**स्व. पुतली माया थिङ**

हाम्री ममतामयी माता पुतली माया थिङको ७३ बर्षको उमेरमा दु:खद् निधन भएको २१ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । दु:खको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, आफन्तजन र शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै अन्त्येष्टीका क्रममा सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई बौद्ध धर्म अनुसार हुने विशेष पुजा नङ्शल एक हजार छ्योमे वाली दिब्यतिथी काजकिरिया (घेवा)मा सहभागी भई पितृप्रसाद ग्रहण गरीदिनुहुन निम्न मिति, समय र स्थानमा हार्दिक आमन्त्रण समेत गर्दछौं ।

**कार्यक्रम**

**मिति:** २०८१ जेष्ठ १७ गते बिहीबार
**समय:** बिहान ०६:०० बजेबाट
**स्थान:** राक्सिराङ १, भुमेथुम (आफ्नै निवास)

प्रार्थी (छोराहरु) :
**देव लामा थिङ, कमान सिंह थिङ, राजमान थिङ, गणेशमान थिङ**
एवम्
**समस्त थिङ परिवार**, राक्सिराङ
असमर्थताको लागि : ९८४५०७६३९३

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३